कार्यपालिका बैठक मिति : २०८३।०३।१६ गते।

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८३।०३।१२ गते।

**मिति २०८३।०३।१६ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू**

१. निर्णय समिक्षा सम्बन्धमा।
२. कार्यविधि संशोधन सम्बन्धमा।
३. भूउपयोग वर्गिकरण योजना २०८२ बमोजिम कित्तागत विवरण प्रकाशन सम्बन्धमा।
४. कन्सुलर प्रमाणित कार्यविधि २०८३ सम्बन्धमा।
५. संस्थागत क्षमता विकास कार्ययोजना सम्बन्धमा।
६. कृषि तथा पशु बीमा कार्यक्रम कार्यविधि २०८३ सम्बन्धमा।
७. बुहक्षेत्रिय पोषण कार्यक्रम सम्बन्धमा।
८. स्थानीय पूर्वाधार संरक्षण तथा उपयोग व्यवस्थापन समिति गठन सम्बन्धमा।
९. विपद राहत सम्बन्धमा।

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो।**

१. चुमनुब्री गाउँपालिका कार्यपालिका बैठकले आ व २०८२।८३ मा हाल सम्म गरेका निर्णय समिक्षा गर्दै कार्यान्वयन गर्ने।

२. चुमनुब्री गाउँपालिकाको कर्मचारी प्रोत्साहन,फिल्ड भत्ता, पर्यटन काज तथा आवास सुविधा सम्बन्धी कार्यविधि २०८१ को तपसिल बमोजिम संशोधन गर्ने।

| सि नं | परिच्छेद/दफा/उपदफा | भएको व्यवस्था | संशोधन भई कायम हुने व्यवस्था |
|---|---|---|---|
| १ | परिच्छेद १ दफा २ (१) ख | कर्मचारी भन्नाले चुमनुब्री गाउँ कार्यपालिकाको कार्यालय,वडा कार्यालय र विषयगत कार्यालयका स्थायी कर्मचारी सम्झनु पर्नेछ। | कर्मचारी भन्नाले चुमनुब्री गाउँ कार्यपालिकाको कार्यालय,वडा कार्यालय र विषयगत कार्यालयका सबै कर्मचारी सम्झनु पर्नेछ। |
| २ | परिच्छेद १ दफा २ (१) ख | १५ कि मि | ६ कि मि |
| ३ | परिच्छेद ३ दफा ४ (१) | १५ कि मि | ६ कि मि |
| ४ | परिच्छेद ३ दफा ४ (३) | भएको व्यवस्थामा थप गर्ने। | ग. घरधनीसँग घरबहाल सम्झौता |

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

३. चुमनुब्री गाउँपालिका भूउपयोग वर्गिकरण योजना २०८२ बमोजिम नापी विभागसँगको सहकार्यमा चुमनुब्री गाउँपालिका भित्रका जगाको किसिम छुट्टाई वर्गिकरण गरिएको कित्तागत विवरण गाउँपालिका वेभसाईटमा प्रकाशन गरी भूउपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका ,२०८१ को दफा २८ उपदफा २ को प्रयोजनका लागि १५ दिने सार्वजनिक सूचना जारी गर्ने ।

४. स्थानीय तहबाट सम्पादन हुने कन्सुलर सम्बन्धी सिफारिस तथा प्रमाणित गर्ने कार्यलाई छिटो, छरितो, पारदर्शी, विश्वसनीय र व्यवस्थित बनाउन; कन्सुलर सेवा विभाग तथा अन्य निकायहरूसँगको समन्वयलाई प्रभावकारी बनाउन; र स्थानीय नागरिकलाई सहज रूपमा सेवा उपलब्ध गराउन वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चुमनुब्री गाउँ कार्यपालिकाले चुमनुब्री गाउँपालिका कन्सुलर प्रमाणित कार्यविधि २०८३ स्विकृत गर्ने ।

५. स्थानीय शासन कार्यसम्पादन मूल्यांकन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि २०८२ बमोजिम चुमनुब्री गाउँपालिकाको सँस्थागत क्षमता विकास दीगो सुधार कार्ययोजना २०८२।८३ स्विकृत गर्ने ।

६. देशको आर्थिक बिकासमा कृषि क्षेत्रको योगदान महत्वपूर्ण रहेकोमा कृषि तथा पशुपालन व्यवसायमा भएका जोखिमहरु कम गरी ती व्यवसायतर्फ कृषकहरुलाई आकर्षण गर्न कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी बढाउन आवश्यक भएकोले कृषिको व्यवसायीकरणका लागि जोखिम न्यूनीकरण गरी कृषकले पशुपन्छी र कृषि उपजमा गरेको लगानीलाई सुरक्षित गर्न, कृषि क्षेत्रको सम्भावित जोखिम कम गरी चुमनुब्री गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई बालीनाली तथा पशुपन्छीहरुको क्षतिबाट राहत दिन र बाली तथा पशु बीमालाई प्रवर्धन गर्दै कृषकहरुलाई कृषि क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्न वान्छनीय भएकोले,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ खण्ड (ण) ले दिएको अधिकार प्रयोग कृषि तथा पशु बीमा कार्यक्रम कार्यविधि २०८३ स्विकृत गर्ने ।

७. चुमनुब्री गाउँपालिकामा सञ्चालित बहुक्षेत्रीय पोषण कार्यक्रमको वार्षिक प्रतिवेदन स्विकृत गर्ने तथा गाउँपालिका भित्र खाद्य असुरक्षा नरहेको भएता पनि पोषण सम्बन्धी सचेतना कार्यक्रम, सरसफाई सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

८. चुमनुब्री गाउँपालिका भित्र निर्मित पूर्वधारको दीगो संरक्षण तथा उपयोग गर्न लाभग्राही सहितको स्थानीय पूर्वाधार संरक्षण तथा उपयोग व्यवस्थापन समिति तपसिल बमोजिम गठन गर्ने ।

| पद | प्रतिनिधि |
|---|---|
| संयोजक | उपाध्यक्ष |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | पूर्वाधार विकास समिति संयोजक |
| सदस्य | योजना शाखा प्रमुख |
| सदस्य | आर्थिक प्रशासन प्रमुख |
| सदस्य | सम्बन्धित वडा अध्यक्ष |

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

| पद | प्रतिनिधि |
|---|---|
| सदस्य | उपभोक्ता समिति) समुदाय प्रतिनिधि/१ जना महिला सहित ३ जना( |
| सदस्य सचिव | पूर्वाधार विकास शाखा प्रमुख |

समितिको बैठकमा आवश्यकता अनुसार वन, खानेपानी, विद्युत्, पर्यटन वा अन्य विषयगत विज्ञलाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराउन सकिन्छ। यस समितिको मुख्य काम, कर्तव्य तथा अधिकार तपसिल बमोजिम हुनेछन्।

१. गाउँपालिकाको स्वामित्वमा रहेका पूर्वाधारको अभिलेख तयार गर्ने।
२. पूर्वाधारको अवस्था )Condition Assessment) मूल्याङ्कन गर्ने।
३. मर्मतसम्भार योजना तयार गर्ने।
४. वार्षिक मर्मतसंम्भार बजेट प्रस्ताव गर्ने।
५. सञ्चालन तथा उपयोग मापदण्ड बनाउने।
६. सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने।
७. हस्तान्तरण भएका आयोजनाको अनुगमन गर्ने।
८. क्षतिग्रस्त संरचनाको पुनःस्थापना सिफारिस गर्ने।
९. पूर्वाधार उपयोग शुल्क सम्बन्धी सुझाव दिने (लागू भएमा)।
१०. सम्पत्ति विवरण अद्यावधिक गर्ने

९. चुमनुब्री गाउँपालिकाका विभिन्न स्थानमा भएका तपसिलका विपद् घटनाबाट प्रभावित घरधनीहरूलाई वडा कार्यालयबाट प्राप्त वडा सिफारिस, प्रहरी मुचुल्का, प्राविधिक स्थालगत मूल्यांकन प्रतिवेदन, फोटोहरू, मृत्यु दर्ता प्रमाणपत्र, पिडितको निवेदनको आधारमा चुमनुब्री गाउँ कार्यपालिका बैठकको मिति २०८१।०९।०५ गतेको निर्णय नं ५ अनुसार विपदबाट पूर्ण रूपमा घर क्षती भएमा क्षतिको प्राविधिक मूल्यांकनको आधारमा रू २५ हजार देखी १ लाख सम्म राहत रकम वितरण गर्ने तथा विपदबाट चुमनुब्री गाउँपालिका निवासी कसैको ज्यानको गएमा निजको परिवारलाई प्रति मृतक रू १ लाख रकम राहत स्वरूप उपलब्ध गराउने निर्णय भए बमोजिम राहत स्वरूप तपसिल बमोजिमका लाभग्राहीहरूलाई **राहत, उद्धार तथा पुनर्स्थापना** खर्च शिर्षकबाट रकम बैंक खातामा भुक्तानी दिने।

| सि नं | विपद्को किसिम | विपद् भएको मिति | पिडितको नामथर (घरमुली) | स्थान | क्षतिको विवरण | स्विकृत भएको राहत रकम रू | कै |
|---|---|---|---|---|---|---|---|
| १ | आगालागी, घर पूर्ण क्षती | २०८२।०५।१८ | लाक्पा नुर्वु लामा | चुमनुब्री २ स्यो | रू ३,०५,०००.०० (प्राविधिक मुल्यांकन) | रू १,००,०००.० (एक लाख मात्र) | |

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिवास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | आगालागी, घर पूर्ण क्षती | २०८२।०४।३० | टसी लामा | चुमनुब्री २ ल्हो | रू ४,४०,०००.०० (प्राविधिक मुल्यांकन) | रू १,००,०००.० (एक लाख मात्र) | |
| ३ | आगालागी, घर पूर्ण क्षती | २०८२।०४।३० | ठिले लामा | चुमनुब्री २ ल्हो | रू २,९५,०००.०० (प्राविधिक मुल्यांकन) | रू १,००,०००.० (एक लाख मात्र) | |
| ४ | आगालागी, घर पूर्ण क्षती | २०८२।०५।१८ | पेम्बा छिरिङ लामा | चुमनुब्री २ स्यो | रू ३,१५,०००.०० (प्राविधिक मुल्यांकन) | रू १,००,०००.० (एक लाख मात्र) | पत्नी ओड्केन छेमो लामालाई भुक्तानी |
| ५ | आगालागी, घर पूर्ण क्षती | २०८२।०४।३० | टासी दोर्जे लामा | चुमनुब्री २ ल्हो | रू ३,०५,०००.०० (प्राविधिक मुल्यांकन) | रू १,००,०००.० (एक लाख मात्र) | |
| ६ | आगालागी, घर पूर्ण क्षती | २०८२।०४।३० | पेमा लामा | चुमनुब्री २ ल्हो | रू ३,४०,०००.०० (प्राविधिक मुल्यांकन) | रू १,००,०००.० (एक लाख मात्र) | |
| ७ | आगालागी, घर पूर्ण क्षती | २०८२।०४।३० | सोनाम ग्यल्पो लामा | चुमनुब्री २ ल्हो | रू ३,९०,०००.०० (प्राविधिक मुल्यांकन) | रू १,००,०००.० (एक लाख मात्र) | |

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

निमा लामा
अध्यक्ष